# मुसिकोट राजपत्र

## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ७) मुसिकोट,गुल्मी,जेष्ठ १ गते,२०८० साल(संख्याः१


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## निरन्तर रोजगारी,निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम संञ्चालन कार्यविधि २०८०

मुसिकोट नगरपालिका भित्रका युवालाई स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न तथा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सामुदायिक तथा सार्वजनिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पु-याउन निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार  कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले प्रदेश नं.५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानुन निर्माण सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा २ बमोजिम मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# निरन्तर रोजगारी,निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम संञ्चालन कार्यविधि २०८०

**प्रस्तावना :**

मुसिकोट नगरपालिका भित्रका युवालाई स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न तथा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सामुदायिक तथा सार्वजनिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पु-याउन निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले प्रदेश नं.५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानुन निर्माण सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा २ बमोजिम मुसिकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रम सञ्चालन

कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रमुख" भन्नाले प्रमुख मुसिकोट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ख) "उपप्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(ग) "आयोजना वा कार्यक्रम प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(घ) " प्राथमिकता समूहका बेरोजगार व्यक्ति" भन्नाले भौगोलिक, सामाजिक,सांस्कृतिक, आर्थिक, मानविय तथा राजनीतिक रुपमा पिछडिएको समूदायमा रहेका व्यक्तिहरुलाई सम्झनु पर्दछ।

(ङ) "स्थानीय तह" भन्नाले मुसिकोट नगरपालिकालाई सम्झनु पर्दछ।

(च) "आयोजना" भन्नाले दफा १८ बमोजिमको क्षेत्रमा सञ्चालन हुने आयोजना सम्झनु पर्नेछ।

(छ) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमलाई सम्झनु पर्नेछ।

(ज) "कार्यक्रमका लक्षित समुह" भन्नाले यस कार्यक्रममा संलग्न हुने १८ देखि ५९ वर्ष उमेर समूह र प्राविधिक, बौदिक र सिपयुक्त व्यक्तिको ईच्छा र आयोजनाको आवस्यकता भएमा माथि उल्लेखित उमेर पार गरेका जनशक्तिलाई पनि बेरोजगार व्यक्तिहरुलाई सम्झनु पर्नेछ।

(झ) "कार्यक्रमका लक्षित समुह" भन्नाले यस कार्यक्रममा संलग्न हुने १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुलाई सम्झनु पर्नेछ।

(ञ) "वडा भन्नाले" मुसिकोट नगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ।

**३. कार्यक्रमको दिर्घकालिन सोच:**

सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत सार्वजनिक/सामुदायिक विकासको साथसाथै नागरिकको

जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दिर्घकालीन सोच हुनेछ।

**४. कार्यक्रमको उद्देश्य :** यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्:

(क) बेरोजगार व्यक्तिलाई रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका
अवसर सिर्जना गर्ने ।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ङ) निर्मित सार्वजनिक सम्पदाको संरक्षण, संवर्द्धन गर्ने ।

**५ . कार्यक्रमको लक्ष्य:**

(क) स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि, आयस्तरमा वृद्धि र सार्वजनिक निर्माण सुधार सँगसगै सामाजिक सुरक्षा प्रवर्द्धन गर्नु कार्यक्रमको लक्ष्य हुनेछ ।

**६. कार्यक्रमको रणनीति :** यस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारका रणनीतिहरु लिइनेछ :

(क) स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म
श्रममूलक प्रविधिको प्रयोग गर्ने ।

(ख) रोजगारी सिर्जनाका लागि अन्तर क्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने ।

(ग) सीपमूलक तालिम मार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

(घ) तालिम, रोजगारमा सुचना तथा परामर्श र वित्तिय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका
अवसरहरुको सिर्जना गर्ने ।

(ङ) रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

(च) श्रमिकहरुको हक सुरक्षाका साथै दक्षता /क्षमता अभिवृद्धि गर्ने ।

## परिच्छेद २

## बेरोजगार व्यक्तिको सूचीकरण र काममा खटाउने



मुसिकोट राजपत्र

**७. बेरोजगार व्यक्तिको सूचिकरण प्रकृया :**

(१) निवेदन माग गर्नुपर्ने: स्थानीय तह भित्रका निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार

कार्यक्रममा सूचिकृत हुन चाहने व्यक्तिले रोजगार सेवा केन्द्रमा वा वडा कार्यालयमा गई प्रत्येक

महिनाको ५ गते भित्र अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम वडा कार्यालयमा सूचिकत हुनको लागि पेश भएका निवेदनहरु सोही महिनाको

१० गते भित्र वडा कार्यालयले रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ।

(३) बेरोजगार व्यक्तिको सुची अद्यावधिक राख्नु पर्ने: रोजगार सेवा केन्द्रले उपदफा (१) बमोजिम प्राप्त

निवेदनको पन्ध्र दिनभित्र छानविन गरी बेरोजगार ठहरिएका व्यक्तिहरुको सुची अद्यावधिक गरी राख्नु

पर्नेछ।

(४) प्रधानमन्त्री रोजगार कार्यक्रमको बेरोजगार सूचीमा रहेका व्यक्तिहरु यस कार्यविधि अन्तर्गत स्वत:

बेरोजगार सूचीमा समावेश भएको मानिनेछन।

(५) **परिचय पत्र दिनु पर्ने:** उपदफा (३) बमोजिम बेरोजगार सूचीमा अद्यावधिक भएका व्यक्तिहरुलाई

रोजगार सेवा केन्द्रले परिचयपत्र प्रदान गर्नेछ र कार्यस्थलमा रहँदा

श्रमिकहरुले अनिवार्य रुपमा परिचय पत्र लगाउनु पर्नेछ।

**८. काममा खटाउनु पर्ने :** सूचीकृत बेरोजगार व्यक्तिहरुलाई काममा खटाउँदा देहाय अनुसारको स्थानको

आयोजनामा काम गर्न खटाउनु पर्नेछ :

(क) श्रमिक माग भई आएका आयोजना मध्ये बेरोजगार व्यक्ति बसोबास गरेको स्थानबाट सबैभन्दा

नजिक पर्ने तथा पहुँच सहज हुने सम्बन्धित वडाभित्र सञ्चालन भएको आयोजनामा,

(ख) स्थानीय तहभित्र सञ्चालन भएको आयोजनामा,

(ग) बेरोजगार व्यक्तिको रुची, अनुभव र क्षमता अनुकुलको आयोजनामा,

(घ) नगरपालिकाले नै संचालन गरेका कार्यक्रम, आयोजना /परियोजनामा,

## परिच्छेद ३

## सरोकारवाला पक्षको भूमिका

**९. बेरोजगार व्यक्ति तथा परिवारको भुमिका:**

(१) कुनै पनि बेरोजगार व्यक्तिले आफू स्थायी रुपमा बसोबास गरेको वडाको वडा कार्यालयमा वा

नगरपालिकाको रोजगार सेवा केन्द्रमा दफा ७ को उपदफा १ बमोजिम बेरोजगार सूचीमा दर्ताको

लागि निवेदन दिनु पर्नेछ।

(२) आवश्यक सहयोग गर्नुपर्ने: रोजगार सेवा केन्द्रले बेरोजगार सूचीमा दर्ताको लागि निवेदन दिने

व्यक्तिलाई उ बेरोजगार भए नभएको वा निजको परिवार निर्वाह भत्ता प्राप्त गर्न योग्य भए नभएको

सम्बन्धमा थप जानकारी मागेमा वा निजसँग वा निजको परिवारको अन्य सदस्यसँग सो सम्बन्धमा

सोधपुछ गर्न चाहेमा निजले रोजगार सेवा केन्द्रलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

(३) तोकिएको काम गर्नुपर्ने: बेरोजगार सुचीमा सूचीकृत व्यक्तिले रोजगार सेवा केन्द्रले खटाएको स्थानमा

गई निजलाई तोकिएको काम गर्नु पर्नेछ। यसरी तोकिएको काम नगरेमा त्यस्तो व्यक्तीलाई दफा ७

को उपदफा ३ बमोजिमको बेरोजगार सूचीबाट हटाईनेछ र निजले यस निर्देशिका बमोजिमको

सुविधा पाउने छैन।

(४) आचरण र अनुशासनको पालना गर्नुपर्ने छ: उपदफा ३ बमोजिम रोजगार आयोजनामा काम गर्दा

प्रत्येक श्रमिकले देहाय अनुसारको आचरण र अनुशासनको पालना गर्नु पर्नेछ।

(क) समयको पालना गर्ने,

(ख) समूहमा मिलेर काम गर्ने,

(ग) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने,

(घ) असल आचरण र अनुशासन कायम गर्ने,

(ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामाग्रीहरु लगाउने,

(च) कार्यस्थलमा लैङ्गिक, जातीय, क्षत्रीय, धार्मिक, सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने/नगराउने।

## परिच्छेद ४
## रोजगारी सम्बन्धी व्यवस्था

मुसिकोट राजपत्र

**१०. श्रमिकको आवश्यकता अध्ययन गर्ने :**

(१) रोजगार सेवा केन्द्रले आफ्नो क्षेत्र भित्रका प्रमुख औद्योगिक तथा व्यवसायिक क्षेत्रहरुमा के कस्तो

प्रकृतिका श्रमिकको कति संख्यामा आवश्यकता छ र त्यस्तो श्रमिकको बजारमा अवस्था के छ भन्ने

सम्बन्धमा अध्ययन गर्नु/गराउनु पर्नेछ।

(२) यस्तो अध्ययन गर्दा गराउँदा सम्बन्धित स्थानको उद्योग वाणिज्य संघ, सम्बन्धित निकायका स्थानीय

समिति या संजालसँग सहकार्यमा गर्नु पर्नेछ।

**११. बेरोजगार व्यक्तिको सुचीबाट हटाइने :**

(१) कुनै बेरोजगार व्यक्तिले रोजगार आयोजनाले निजलाई खटाइए बमोजिमको काम गर्न इन्कार गरेमा

वा दफा ९ को उपदफा ४ बमोजिमको आचरण र अनुशासनको पालना नगरेमा सुपरभाइजरले सो

व्यहोरा रोजगार सेवा केन्द्रमा लेखी पठाउनु पर्नेछ। सोही आधारमा रोजगार सेवा केन्द्रले निजलाई

बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ।

(२) कुनै बेरोजगार व्यक्ति रोजगार सेवा केन्द्रमा सूचीकृत भएपछि काममा खटाइनु पूर्व वा खटाइसकेपछि

निज अन्यत्र रोजगारीका लागि गएमा निजले रोजगार सेवा केन्द्रमा सोको जानकारी गराउनु पर्नेछ र

सोही आधारमा रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ।

**१२. श्रमिक माग गर्न सक्ने :** स्थानीय तह भित्रका निजी, सहकारी तथा गैर सरकारी संस्थाहरुले अनुसूची २ बमोजिमको फारम भरी

आफूलाई आवश्यक पर्ने योग्यता, क्षमता, अनुभव तथा सीप भएको श्रमिक रोजगार सेवा केन्द्रमा माग गरी पठाउन सक्नेछन् ।

**१३. श्रमिक छनौट गर्न सक्ने :** दफा १२ बमोजिम श्रमिक माग गरी पठाएमा रोजगार सेवा केन्द्रले माग भए बमोजिम उपलब्ध बेरोजगार व्यक्तिहरुको सूची त्यस्तो संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद- ५

## निर्देशक समिति सम्बन्धी व्यवस्था

**१४. निरन्तर रोजगारी,निरन्तर निर्माण मर्मत तथा सुधार निर्देशक समितिको गठन:**

(१) योजनाको निर्माणमा सहभगिता र यूवा सँग सम्बन्धित कार्यक्रमको समन्वयका लागि नगरपालिकामा

देहाय बमोजिमको निर्देशक समिति गठन गरिने छ ।

(क) नगर प्रमुख

संयोजक

(ख) उप प्रमुख

सदस्य

(ग) वडा अध्यक्ष वा कार्यपालिका सदस्य मध्ये नगर प्रमुखले तोकेका १ महिला सहित २ जना सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत

सदस्य

(ङ) योजना शाखा प्रमुख

(च) प्राविधिक शाखा प्रमुख

(छ) रोजगार संयोजक

सदस्य – (सदस्य सचिव)

मुसिकोट राजपत्र

**१५. निर्देशक समितिको बैठक :**

(१) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ।

(२) निर्देशक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(३) निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा
समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) निर्देशक समितिको निर्णय सदस्य – सचिवले सुरक्षित गरी राख्नु पर्नेछ।

(५) स्थानीय निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे
बमोजिम हुनेछ।

(६) निर्देशक समितिले गरेको निर्णयको कार्यान्वयन नगर कार्यपालिकाले गर्नेछ
।

**१६. निर्देशक समितिको काम, कर्तव्य र अधिकार :** निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार
निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तह भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण
गर्ने,

(ख)बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति कार्यपालिका
समक्ष सिफारिस गर्ने,

(ग) स्थानीय तह भित्रको बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई
मार्गदर्शन गर्ने,

मुसिकोट राजपत्र

(घ) निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सुधार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

## परिच्छेद-६
## कोषको व्यवस्था

**१७. कोषको व्यवस्था :** यस कार्यक्रमको लागि देहायका श्रोतबाट कोषको व्यवस्था हुनेछ।

(क) संघीय सरकार तथा प्रदेश सरकारबाट कोषका लागि प्राप्त अनुदान,
(ख) राष्ट्रिय तथा अन्तरराष्ट्रिय दातृ निकायबाट प्राप्त हुने रकम,
(ग) विभिन्न वित्तिय संस्थाबाट प्राप्त अनुदान तथा ऋण रकम,
(घ) नगर सभाबाट कोषका लागि विनियोजित रकम,
(ङ) कोष परिचालनबाट प्राप्त आम्दानी,
(च) नगरपालिकामा रहेको घुम्ती कोष (गाउँ नगर साझेदारी कार्यक्रम),
(छ) अन्य श्रोतबाट प्राप्त रकम।

## परिच्छेद- ७
## कार्यक्रमको क्षेत्र तथा आयोजना छनौट

**१८. कार्यक्रमको क्षेत्र :** कार्यक्रम अन्तर्गत देहायका क्षेत्रमा आयोजना सञ्चालन गर्न सकिन्छ :-

(क) सडक,
(ख) सिचाई,
(ग) खानेपानी,
(घ) नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण,

मुसिकोट राजपत्र

(ङ) पोखरी, ताल तलैया जलाशय निर्माण तथा संरक्षण,

(च) खेल मैदान, चौपारी,स्मारक र उद्यान निर्माण।

(छ) विद्यालय भवन (कम्पाउण्ड,फेन्सिङ समेत )

(ज) कृषि (सडक, सिँचाई, सामूहिक भवन, सामूहिक तथा सहकारी खेती समेत)

(झ) स्वास्थ्य भवन वा सामुदायिक भवन

(ञ) लघु जलविद्युत विकास,

(ट) पर्यटन पूर्वाधार,

(ठ) पदमार्ग निर्माण / सुधार,

(ड) वृक्षारोपण,

(ढ) ढल/नाली तथा फोहर नाली व्यवस्थापन,

(ण) विपद व्यवस्थापन/आकस्मिक कार्य,

(त) निर्मित सार्वजनिक सम्पदाको संरक्षण र संवर्द्धन,

(थ) नगरपालिकाले संचालन गरेका अन्य कार्यक्रम,

**१९. आयोजना छनौटको प्रकृया :**

(१) निर्देशक समितिले स्थानीय आवश्यकता तथा बार्षिक कार्यक्रमका आधारमा दफा १८ बमोजिम

क्षेत्रका योजना छनोट गरी कार्यक्रम सञ्चालनको लागि सिफारिस गर्नु पर्नेछ।

(२) निर्देशक समितिको सिफारिस बमोजिम नगरपालिकाले रोजगार सेवा केन्द्रमा सूचिकृत व्यक्तिलाई

निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सम्भार कार्यक्रममा खटाउने छ।

मुसिकोट राजपत्र

**२०. आयोजना छनौटका आधार :**

(१) निर्देशक समितिले आयोजना छनौट गर्दा देहायका आधारमा छनौट गर्ने पर्नेछ।

(क) आयोजनाबाट लाभान्वित हुने जनसंख्या,

(ख) दिगो र अधिकतम् रोजगारी सिर्जना हुने आधार,

(ग) आयोजनाको प्रतिफल वा लाभ तथा आयोजनाको दिगोपना,

(घ) स्थानीय स्तरमा सिर्जना हुने रोजगारी तथा स्थानीय सामाग्रीको प्रयोग,

(ङ) युवा, महिला, दलित र विपन्न समुदायको रोजगारी प्रवर्धन,

(च) अधिकतम प्रतिशतको लागत साझेदारी।

**२१. आकस्मिक परिचालन**: प्राकृतिक विपद वा अन्य आकस्मिक अवस्था सिर्जना भई तकाल राहत, उद्दार, पुनर्निर्माणको लागि सूचिकृत व्यक्तिलाई परिचालन गर्नु परेमा नगर प्रमुखको आदेशबाट तत्काल परिचालन गर्न सकिनेछ।

## परिच्छेद ८

## भुक्तानी

**२२. पारिश्रमिक निर्धारण र भुक्तानी :**

(१) श्रमिकको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा
कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन
बढी हुन्छ सोही दर कायम हुनेछ।

(२) रोजगारी उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमुखले उपलब्ध गराएको रोजगारीको दिनका

आधारमा मासिक रुपमा प्रत्येक महिनाको पाँच गतेभित्र अघिल्लो महिनाको पारिश्रमिक भुक्तानी

गरिसक्नु पर्नेछ । ठेक्का मार्फत संचालित काममा समेत सम्बन्धित ठेकेदारले यसै अनुसार श्रमिकको

पारिश्रमिक भुक्तानी गरी सोको विवरण सात दिनभित्र आयोजना प्रमुखलाई बुझाउनु पर्नेछ।

(३) आयोजना वा कार्यक्रम प्रमुखले उपदफा (२) बमोजिम प्राप्त भुक्तानीको विवरण सात दिन भित्र

रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ।

**२३. बैक खाता मार्फत भुक्तानी गर्नु पर्ने :**

(१) श्रमिकलाई रोजगार बापतको पारिश्रमिक भुक्तानी गर्दा बैक खाता मार्फत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बैक खाता मार्फत रकम भुक्तानी गर्न सम्भव नहुने विशेष अवस्थामा

सम्वन्धित कार्यलयले सो व्यहोरा निर्णय गरी नगदमै भुक्तानी गर्ने व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद ९
## अनुगमन सुपरीवेक्षण र प्रतिवेदन

**२४. कामको नियमित सुपरीवेक्षण गर्नु पर्ने:**

(१) नगरपालिका वा आयोजना प्रमुखले आफ्नो क्षेत्रभित्र सञ्चालित रोजगार आयोजना कार्य गर्न

मुसिकोट राजपत्र

खटाइएका श्रमिक समुहको कामको नियमित रुपमा सुपरीवेक्षण गर्नु पर्नेछ ।

(२) रोजगार आयोजना सञ्चालन गर्ने निकायले रोजगार सेवा केन्द्र सँगको समन्वयमा सुपरीवेक्षणको
कार्य गर्ने गरी आफ्नो उपयुक्त प्राविधिक कर्मचारीलाई तोक्नु पर्नेछ।

**२५. प्रतिवेदन पेश गर्नुपर्नेः**

दफा २३ को उपदफा २ बमोजिम तोकिएको सुपरीवेक्षणकर्ता कर्मचारीले रोजगार आयोजनाको देहायका पक्षहरुको सुपरीवेक्षण गरी अनुसूची ३ बमोजिमको प्रतिवेदन तयार गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ:

(क) रोजगार आयोजनाको प्राविधिक उपयुक्तता र गुणस्तर,

(ख) श्रमिकहरुको आन्तरिक व्यवस्थापन, कार्यस्थल सुरक्षा र प्राथमिक उपचारको व्यवस्था,

(ग) रोजगार आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको परिमाण,

(घ) आयोजनाले रोजगारी सिर्जना गरेको श्रमिको संख्या र कार्यदिन,

**२६. स्थलगत अनुगमन गर्न सक्ने :** आयोजना वा कार्यक्रम प्रमुख, निर्देशक समितिले र नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले समेत समय समयमा यस कार्यक्रम अन्तर्गतका रोजगार आयोजनाहरुको स्थलगत अनुगमन गर्न गराउन सक्नेछन।

**२७. आवश्यक सहयोग गर्नुपर्ने :** दफा २३ बमोजिमको सुपरीवेक्षण तथा दफा २५ बमोजिमको अनुगमन कार्यमा रोजगार सेवा केन्द्रले आवश्यक सूचना,तथ्याङ्क कागजात तथा अभिलेख उपलब्ध गराई सहयोग गर्नु पर्नेछ।

मुसिकोट राजपत्र

# परिच्छेद १०
# तालिम

**२८. तालिम सञ्चालन गर्ने :**

(१) नगरपालिकाले यो कार्यक्रम अन्तर्गत निजी क्षेत्र वाट हुने रोजगारीको माग र दफा १८ बमोजिमका

क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको प्रकृति अनुरुपको जनशक्ति विकास गर्न आवश्यक सीप तथा

क्षमता विकासका तालिमहरु सञ्चालन गर्न सक्नेछ ।

(२) तालिमको पाठ्यक्रम, अवधि र तालिम संचालन सम्बन्धमा नगरपालिकाले अन्य व्यवसायिक तथा

सीप विकास प्रतिष्ठानहरु सँग समन्वय गर्नेछ ।

**२९. निजी क्षेत्रसँग सहकार्य गर्न सक्ने :**

(१) तालिम संचालन गर्दा उद्योग वाणिज्य संघ लगायतका निजि क्षेत्र सँगको सहभागिता, सहकार्यमा

समेत गर्न सकिनेछ ।

(२) कुनै उद्योग, प्रतिष्ठानले श्रमिकलाई नियमित रोजगारी दिने शर्तमा निश्चित अवधिका लागि प्रशिक्षार्थी

श्रमिकका रुपमा राखी तालिम प्रदान गर्न चाहेमा सो अवधिको श्रमिकको न्यूनतम तलबको निश्चित

प्रतिशत रकम सम्बन्धित उद्योग, प्रतिष्ठानलाई वित्तीय प्रोत्साहनका रुपमा उपलब्ध गराउने गरी

नगरपालिकाले कार्यक्रम संचालन गर्न सक्नेछ ।

**३०. सम्झौता गर्नु पर्ने:** तालिम सञ्चालन गर्नु अघि दफा २८ को उपदफा २ बमोजिम तालिम संचालन गर्दा त्यस्ता तालिम संचालन गर्ने उद्योग प्रतिष्ठानले नगरपालिकासँग अनुसूची ४ बमोजिम कबुलियतमा सम्झौता गर्नु पर्नेछ।

**३१. सैद्धान्तिक र व्यवहारिक दुवै ज्ञान सिकाउनु पर्ने** : तालिम दिदाँ सैद्धान्तिक र व्यवहारिक दुबै ज्ञान सिकाउनु पर्नेछ। सैद्धान्तिक सिकाईका लागि सम्बन्धित उद्यमीहरु समेतको संलग्नतामा तयार पारिएको पाठ्यक्रम तथा तालिम कार्यक्रम र छनौट गरिएका प्रशिक्षकद्धारा तालिम दिने व्यवस्था गरिनु पर्नेछ। व्यवहारिक सिकाइका लागि आवश्यकता अनुसार श्रमिकलाई सम्बन्धित उद्योग एवं कलकारखानामै काममा प्रत्यक्ष संलग्न गराएर सिकाउनु पर्नेछ।

**३२. तालिमको लागतमा साझेदारी गर्न सकिने** : यस कार्यविधि बमोजिम संचालन हुने परियोजना सँग सम्बन्धित विषयमा तालिम संचालन गर्दा तालिम प्रदायक संस्थाहरु सँग नगरपालिकाले लागतमा साझेदारी या समन्वय गर्न सक्नेछ।

**३३. विशेष सीपमूलक तालिम:** सार्वजनिक निर्माणका कार्यहरुमा विशेष वा विशिष्ट प्रकारको सीप आवश्यक पर्ने कामको लागि आवश्यक सीप विकास गर्न यस कार्यक्रम अन्तर्गत सम्बन्धित रोजगार आयोजना सँगको सहकार्यमा नगर कार्यपालिकाको कार्यालयले बढीमा दश कार्यदिनको विशेष सीपमूलक तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद १०
## आवश्यक सामग्री तथा उपकरणको व्यवस्था

**३४. आवश्यक सामग्री तथा उपकरणको व्यवस्था:**

(१) योजनाका प्रकृति अनुसार आवश्यक निर्माणका सामाग्री, सुरक्षाका उपकरण र औजार खरिद

व्यवस्था रोजगार सेवा केन्द्र मार्फत मिलाउनु पर्नेछ ।

## परिच्छेद ११
## विविध

**३५. प्रोत्साहन:**

(१) निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सम्भार कार्यक्रममा सहभागि हुने वेरोजगार व्यक्तिलाई उसको कामका आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गर्न सकिनेछ ।

(२) उल्लेखनिय रुपमा रोजगार प्रदान गर्ने रोजगार प्रदायक संस्था वा निकायलाई प्रोत्साहन स्वरुप सम्मान गर्न सकिनेछ ।

(३) पारदर्शिता र उत्तरदायित्व: यस कार्यविधिको कार्यान्वयन गर्दा प्रचलित कानुन बमोजिम पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ।

**३६. बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने**: नगर कार्यपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट पार्न आवश्यक निर्णय गर्न सक्नेछ ।

**३७. अनुसूची हेरफेर गर्न सक्ने:** नगरकार्यपालिकाले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

मुसिकोट राजपत्र

## अनुसूची-१

## (दफा ७ को उपदफा १ सँग सम्बन्धित)

## न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले दिने निवेदनको ढाँचा

**मिति**

**श्री मुसिकोट नगरपालिका,**

**नगर कार्यपालिकाको कार्यलय,**

**(रोजगार सेवा केन्द्र),**

**वामिटक्सार, गुल्मी ।**

विषय: वेरोजगार व्यक्तिको रुपमा सूचिकृत हुन पाउँ

।

निरन्तर रोजगारी निरन्तर निर्माण तथा मर्मत सम्भार २०८० ले निर्धारण गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएकोले नगरपालिका द्वारा सञ्चालित निरन्तर रोजगारी, निरन्तर निर्माण तथा मर्मत सम्भार कार्यक्रममा संलग्न हुन ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित वेरोजगार सूचीमा सूचिकृत भई रोजगारी पाउनको लागि यो निवेदन पेश गरेकोछु ।

१. नाम थर:

२. स्थायी ठेगाना :

...........................................न.पा./गा.पा.................................वडा नं

..............

३. अस्थायी ठेगाना :

.........................................न.पा./गा.पा................................वडा नं

..............

४. नागरिकता नं र जारी भएको जिल्ला .....................................................

५. परिवारिक सदस्य संख्या : ......................................... जना

६. स्वदेशी / वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यको संख्या :

७. वार्षिक पारिवारि आय :रु ..............................(अक्षरुपी ...................................................।

८. शैक्षिक योग्यता :

९. आफूले हासिल गरेको सीप /तालिमको विवरण :

१०.काम गर्न चाहेको क्षेत्र : .............................(वन, कृषि ,निर्माण,अन्य ......................)

११. काममा खटिन चाहेको सम्भावित समय ...........................देखि .......................सम्म ।

१२. काम गर्न चाहेको ठाउँ ...........................................................................

उपरोक्त बमोजिमको विवरण साँचो हो,झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला /बुझाउँला भनी सहिछाप गर्ने ।

निवेदकको दस्तखत :

मिति:

कार्यालय प्रयोजनको लागि

निवेदन दर्ता मिति: ……………………………………………

उपरोक्त विवरण सहि तथा पुर्ण छन् भनि प्रमाणित गर्ने व्यक्ति

नाम: ……………………………………………………… हस्ताक्षर ………………………

**अनुसूची-२**

**(दफा १२ सँग सम्बन्धित)**

**रोजगार मूलक आयोजनाले रोजगार सेवा केन्द्रमा श्रमिक माग गर्ने फारम**

**मिति**

**श्री मुसिकोट नगरपालिका,**

**नगर कार्यपालिकाको कार्यलय,**

मुसिकोट राजपत्र

**(रोजगार सेवा केन्द्र)**

**वामिटक्सार, गुल्मी ।**

विषय: श्रमिक उपलब्ध गराइ पाँउ ।

..........................जिल्ला ....................................गाउँपालिका/नगरपालिकामा अवस्थित

.................आयोजनालाई........................जिल्ला............................गाउँपालिका/नगरपालिका वडा नं ...........मा काम गर्न तपसिल बमोजिमका श्रमिकहरु आवश्यक भएकोले त्यहाँ बेरोजगार सूचीमा रशेका व्यक्तिहरु मध्येबाट श्रमिक उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

१. आयोजनाको नाम र ठेगाना :

२. आयोजना सञ्चालन गर्ने निकाय :

३. काम गर्नुपर्ने क्षेत्र : .........................(वन,कृषि,निर्माण,अन्य………..)

४. आवश्यक श्रमिको प्रकृति

| क्र.सं. | श्रमिकको पद | आवश्यक संख्या | | कार्यविवरण छोटकरीमा | आवश्यक न्यूनतम योग्यता र सीप | काम उपलब्ध हुने समयावधि (दिनमा) |
|---|---|---|---|---|---|---|
| | | दक्ष | अदक्ष | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदक

मुसिकोट राजपत्र

नाम थर:

पद

कार्यालयको छाप :

मिति:

**अनुसूची-३**

**(दफा २४ सँग सम्बन्धित)**

**श्रमिक समूहको कार्य सुपरीवेक्षण प्रतिवेदन**

श्री रोजगार सेवा केन्द्र
मुसिकोट नगरपालिका।

मिति:

**विषय: सुपरीवेक्षण प्रतिवेदन पेश गरेको सम्बन्धमा।**

प्रस्तुत विषयमा देहाय बमोजिमको आयोजनामा खटाइएका श्रमिकका समूहहरुको कामको तपसिल बमोजिमका पक्षहरुको सुपरीवेक्षण गरी यो प्रतिवेदन पेश गरेको छु।

१. आयोजनाको नाम र स्थान : ..........................................................

२. गाउँपालिका/नगरपालिका ................................................

३. वडा नं .................

४. आयोजना सञ्चालन गर्ने निकाय: ..............................................................................

५. खटाइएको श्रमिकको संख्या .....................................................

६. श्रमिक समूह .....................

७. कार्यको विभिन्न पक्षहरुको सुपरीवेक्षण :

| क्र.स | सुपरीवेक्षणका आधारहरु | उपलब्धीको स्तर | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | न्यून |
| १ | रोजगार आयोजनाको प्राविधिक उपयुक्तता र गुणस्तर | | | |
| २ | श्रमिको आन्तरिक | | | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन ,कार्यस्थल सुरक्षा र प्राथमिक उपचारको व्यवस्था | | | |
| ३ | आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको परिमाण | | | |
| ४ | आयोजनाले रोजगारी सिर्जना गरेको कार्यदिन | | | |

८.कमजोरी,कमजोरीका कारण र सुझाव

| **क्र.सं** | **कमजोरी** | **कमजोरीका कारणहरु** | **सुधारका लागि पृष्ठपोषण** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

९.सुपरीवेक्षकको धारणा : ....................................................

## अनुसूची-४
## (दफा २९ सँग सम्बन्धित)
## उद्योग, प्रतिष्ठानले गर्नुपर्ने कबुलियतनामा

लिखितम् जिल्ला ..............................गाउँपालिका/नगरपालिका ....................वडा नं .................स्थित .........................................प्रतिष्ठानको तर्फबाट अख्तियार प्राप्त म/हामी ..............................ले देहायको विवरण भएका श्रमिकहरुलाई यस प्रतिष्ठानमा मिति ................गतेदेखि ......................गतेसम्म सञ्चालन हुने .............महिने तालीम उपलब्ध गराई तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही कम्तीमा तीन वर्षसम्म

मुसिकोट राजपत्र

निजहरुलाई निजहरुको योग्यता र सीप अनुसारको नियमित रोजगारी उपलब्ध गराउन तयार छु /छौ । यस कबुलियतनामा बमोजिमको शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बझाउँला ।

**शर्तहरु:**

१. तोकिएको मिति,स्थान .समयमा तालीम उपलब्ध गराउनेछु ।

२. तालीम अवधि भर तोकिएको पारिश्रमिक उपलब्ध गराउनेछु ।

३. तालीम प्राप्त गरे पश्चात प्रशिक्षार्थी श्रमिकलाई कम्तीमा तीन वर्षसम्म यही प्रतिष्ठानमा उपलब्ध निजको योग्यता र सीप अनुसारको नियमित रोजगारी उपलब्ध  गराउनेछु ।

| क्र.सं | श्रमिकको नाम,थर | ठेगाना | लाभग्राही परिचयपत्र नं | तालिमको प्रकृति | कै. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |

अख्तियार प्राप्त व्यक्तिको (प्रतिष्ठानको तर्फबाट)

मुसिकोट राजपत्र

प्रमाणिकरण मिति
२०८०।२।१

आज्ञाले,
विनोद कुँवर
प्रमुख प्रशासकीय अधिकृत

मुसिकोट राजपत्र